# शिखर नगरपालिकाको

# विनियोजन ऐन,२०७५

नगरसभाबाट पारित मितिः २०७५।३।२२

प्रमाणिकरण मितिः २०७५।३।२२

**नगरपालिकाः शिखर**

**जिल्लाः डोटी**

**७ नम्बर प्रदेश**

# शिखर नगरपालिकाको विनियोजन ऐन,२०७५

**शिखर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७४**

**प्रस्तावना :** शिखर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्न बाञ्छनीय भएकोले,
नेपालको सम्बिधान २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम शिखर नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"शिखर नगरपालिकाको विनियोजन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७५/०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक बर्ष २०७५/०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु, पूजिगत खर्च र वित्तिय ब्यवस्थाको रकम समेत गरी जम्मा **रु.४८,६१,७९,०००।** (अक्षेरुपी अठचालिस करोड एकसठ्ठी लाख उनासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७५/०७६ को निमित्त शिखर नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजिगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खार्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ र वित्तिय ब्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय ब्यवस्थाको खर्च ब्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

नेपालको सम्विधान २०७२ को धारा २२९ (२) बमोजिम

**संञ्चितकोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान सँख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय ब्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १२२०००००। | ३६४१७९०००। | | ४८,६१,७९,००० |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

**प्रमाणिकरण मिति :**